आज मिति २०८३ असार महिनाको ०५ गते मंगलबारका दिन बिहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दत्त बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिब डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छबिराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामि | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक बहादुर रावल
श्री पुष्पकोमल बली
श्री सन्तोष सापकोटा
श्री दिपक गौतम

शाखा अधिकृत
वरिष्ट लेखा अधिकृत
लेखा अधिकृ
प्रशासकीय अधिकृत

CamScanner

मिति २०८३/०३/०५ गतेको कार्यपालिकाको बैठकमा पेस भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णय गर्नुपर्ने प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक गाउँसभामा पेश गर्ने सम्बन्धमा। | आगामी आ.व. २०८३/०८४ को नीति,कार्यक्रम, बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक गाउँसभामा पेश गर्ने । | |
| २ | गाउँसभामा निर्णयार्थ पेश गर्ने प्रस्तावहरु सम्बन्धमा । | गाउँसभामा तपशिल वमोजिमका प्रस्तावहरु निर्णयार्थ पेश गर्ने ।<br>क.त्रिवेणी गाउँपालिकाको मध्यकालीन खर्च संरचना (२०८३/०८४-२०८५/०८६) स्वीकृतिका लागि सभामा पेश गर्ने ।<br><br>ख.त्रिवेणी गाउँपालिकाको १८ औं गाउँसभा सम्पन्न भए पश्चात विभिन्न मितिमा गाउँकार्यपालिकाको वैठकको निर्णयवाट संशोधन भए गरेका नीति, योजना तथा कार्यक्रमहरुको काम कारवाहीहरु एकमुष्ठ अनुमोदनको लागि प्रस्ताव पेश गर्ने ।<br>ग.यस गाउँपालिकाको कार्यक्रमसँग साझेदारीमा काम गर्न इच्छुक संघ संस्था एवं प्रदेश/संघका विषयगत कार्यालयहरुवाट पेश हुन आएको कार्यक्रम/योजनाहरुमा आ.व. २०८३/०८४ मा लागत साझेदारी जुटाउने गरी कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने । | |
| ३. | त्रिवेणी गाउँपालिकामा कार्यरत कर्मचारीहरु तथा अवकास प्राप्त शिक्षकलाई सम्मान गर्ने । | त्रिवेणी गाउँपालिकावाट आ.ब २०८२/०८३ मा उत्कृष्ट काम गर्ने कर्मचारी छनोट गरी सम्मान गर्ने तथा अवकास हुनु भएका शिक्षकलाई सम्मान गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ४ | स्वास्थ्य मन्त्रालयको मा.मन्त्रीस्तरको मिति २०७७/०९/१२ को | त्रिवेणी गाउँपालिकामा स्वास्थ्य मन्त्रालयको मा.मन्त्रीस्तरको मिति २०७७/०९/१२ को निर्णयानुसार १० सैयाको अस्पतालको लागि | |

| | | | |
|---|---|---|---|
| | निर्णयानुसार १० सैयाको अस्पतालको लागि बजेट प्राप्त भई निर्माण कार्य भैरहेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को झ(३) अनुसार यस गाउँपालिकामा सञ्चालनमा रहेको त्रिवेणी स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी त्रिवेणी अस्पतालको रुपमा स्थापना गरी सञ्चालन गर्ने सम्वन्धमा । | बजेट प्राप्त भई निर्माण कार्य करिब ८० प्रतिशत सम्पन्न भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को झ(३) अनुसार यस गाउँपालिकामा सञ्चालनमा रहेको त्रिवेणी स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी त्रिवेणी अस्पताल कायम गरी सञ्चालन गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ५ | संशोधन सम्वन्धमा । | विभिन्न आयोजना तथा कार्यक्रम अन्तर्गत बजेट संशोधन गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ६ | भुक्तानी सम्वन्धमा । | तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमको कार्य सम्पन्न भइसकेको हुँदा भुक्तानी दिने सम्बन्धमा छलफल गर्ने । | |
| ७ | प्रशासकीय भवनको मुल्य समायोजन तथा अन्तिम भुक्तानी सम्वन्धमा । | प्रशासकीय भवनको मुल्य समायोजन तथा अन्तिम भुक्तानी दिने सम्वन्धमा छलफल गर्ने। | |
| ८ | विविध सम्वन्धमा । | विविध सम्वन्धमा तपसिल बमोजिम छलफल गर्ने।<br>-आ.व. ०८१/०८२ को अनियमित बेरुजु सम्वन्धमा दफावार छलफल गर्ने ।<br>- त्रिवेणी गाउँपालिकाको संगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदन सम्वन्धमा छलफल गर्ने । | |
| | | | |
| | | | |

CamScanner

निर्णय नं.१ - प्रस्ताव नं. १ माथि छलफल गर्दा, मिति २०८३/०३/०८ गते सोमबार सञ्चालन हुने आगामी आ.ब. २०८३/०८४ का लागि नीति, कार्यक्रम तथा बजेट सम्बन्धी विभिन्न मितिमा सञ्चालन भएका विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिहरुबाट सिफारिश भई आएका नीति, कार्यक्रम तथा बजेट, विनियोजन ऐन, आर्थिक ऐन.तथा विभिन्न समितिहरुबाट पेश भएका प्रतिवेदनहरुलाई यस बैठकमा व्यापक छलफल गरी निर्णायार्थ गाउँसभा बैठकमा देहाय बमोजिम प्रस्ताव पेश गर्ने ।

**नीति तथा कार्यक्रम आ.ब. २०८३/०८४ :**

**त्रिवेणी गाउँपालिकाको यस गरिमामय गाउँसभाका सदस्यज्यूहरू,**

१.नेपाली जनताले विभिन्न कालखण्डमा गरेका त्याग, संघर्ष र बलिदानको उपलब्धी स्वरूप जारी भएको नेपालको संविधान बमोजिम स्थापित त्रिवेणी गाउँपालिकाका नागरिकहरूको प्रतिनिधिमूलक यस गरिमामय सभामा निर्वाचित भएपछि पाँचौ पटक आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२.संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय सरकारमध्ये नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको सरकारका रूपमा स्थानीय तहले आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक तथा कानुनी लगायत जनजीवनसँग सम्बन्धित विषयहरूको संरक्षण, प्रवर्द्धन र रूपान्तरण गर्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेको छ। नेपालको संविधान, नेपाल सरकारको सोह्रौं योजना, कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, त्रिवेणी गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजना, नेपाल सरकारको दिगो विकास लक्ष्य, समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तथा विभिन्न क्षेत्रका विज्ञ, सरोकारवाला निकाय, राजनीतिक दल, नागरिक समाज तथा आम नागरिकहरूबाट प्राप्त सुझावहरूलाई समेटी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ। यस प्रक्रियामा महत्वपूर्ण सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

३.संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना तथा सामाजिक रूपान्तरणका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूमा अग्रपङ्क्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रज नेतागण, लोकतान्त्रिक आन्दोलनका घाइते योद्धाहरू तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। यस गाउँपालिकाको स्थापना कालदेखि नै यसको समग्र विकास र समृद्धिका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने अग्रज व्यक्तित्वहरूप्रति सम्मान प्रकट गर्दै उहाँहरूको योगदानको कृतज्ञतापूर्वक स्मरण गर्दछु।

**सभा सदस्यज्यूहरू,**



CS CamScanner

४. *"स्वच्छ हराभरा सुन्दर र शान्त त्रिवेणी गाउँपालिका: सुशासन, सहभागिता, दिगो विकास, समृद्धि र समतामूलक समाज निर्माणमा हाम्रो प्रतिबद्धता"* भन्ने मूल नारालाई आत्मसात गर्दै त्रिवेणी गाउँपालिकाले विकासको यात्रालाई निरन्तर अगाडि बढाएको छ। साथै, *"स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिबद्धता"* भन्ने संकल्पका साथ अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दा उल्लेखनीय सफलता हासिल भएको अनुभूति गरेका छौं। विगतका अनुभव, उपलब्धी, सिकाइ र नागरिकका अपेक्षालाई आधार मानी आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**अब, म संक्षेपमा विगतमा गरेका उपलब्धीहरुलाई उल्लेख गर्न चाहन्छु ।**

१. गाउँपालिकाका सबै वडा कार्यालयहरूमा बाह्रै महिना सहज सडक पहुँच सुनिश्चित गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। सोही अनुरूप सडकहरूको स्तरोन्नति कार्य निरन्तर अगाडि बढिरहेको छ। साथै अन्तरजिल्ला सडक सञ्जाल विस्तार गर्ने लक्ष्यका साथ विनियोजित आयोजनाहरूको निर्माण कार्य तीव्र गतिमा सम्पन्न हुँदै आएको छ।

२. पालिकाका सम्पूर्ण प्रशासनिक सेवाहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न प्रशासकीय भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रवाह सुरु गरिएको छ। साथै वडा कार्यालयहरूको भवन निर्माण कार्यलाई समेत निरन्तरता दिइएको छ, जसअन्तर्गत चालु आर्थिक वर्षमा वडा नं. ३ को कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

३. त्रिवेणी गाउँपालिकामा निर्माणाधीन दश शैयाको अस्पताल सम्पन्न हुने चरणमा पुगेको छ, जसबाट स्थानीय नागरिकहरूले आफ्नै क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर सुनिश्चित हुनेछ।

४. नागरिकहरूको स्वच्छ खानेपानीमा पहुँच अभिवृद्धि गर्न विभिन्न लिफ्ट तथा सतहगत खानेपानी आयोजनाहरू सञ्चालन गरी "एक घर, एक धारा" कार्यक्रममार्फत खानेपानी सेवाको विस्तार गरिएको छ।

५. शारदा नदी लगायत अन्य खोलाहरूमा हुन सक्ने खेतीयोग्य जमीनको कटान न्यूनीकरण गर्न आवश्यक तटबन्धन निर्माण कार्य गरिएको छ।

६. सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी तथा प्रविधिमैत्री बनाउन विद्यालय अनुगमन, शिक्षकहरूको पेशागत क्षमता विकास, शैक्षिक सामग्री वितरण, बसाइ व्यवस्थापन, पुस्तकालय स्थापना, आईसीटी ल्याब व्यवस्थापन, विज्ञान प्रयोगशाला निर्माण तथा विद्यालयका भौतिक पूर्वाधार विकासका कार्यहरू गरिएको छ।

७. विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा विकटतालाई आधार मानी विद्यालय मर्ज, समायोजन तथा दरबन्दी मिलानका कार्यहरू सम्पन्न गरिएको छ। साथै माध्यमिक विद्यालयहरूमा योग्यताका आधारमा स्थायी शिक्षकलाई प्रधानाध्यापकको रूपमा नियुक्ति गरिएको छ।



CS CamScanner

८. स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन त्रिवेणी स्वास्थ्य चौकीमा एम.बी.बी.एस. चिकित्सकको व्यवस्था, आवश्यक औषधि, उपकरण तथा प्रयोगशाला सामग्री उपलब्ध गराई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिएको छ।

९. नसर्ने रोगहरूको बढ्दो दर तथा व्यस्त दैनिकीका बाबजुद पालिकाका नागरिकलाई योग ध्यान तथा सन्तुलित आहारविहारका माध्यमबाट स्वस्थकर बनाउन आयुर्वेदको महत्व प्रचार-प्रसार गर्दै सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

१०. असहाय, विपन्न नागरिक तथा सुत्केरी महिलाहरूलाई लक्षित गरी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ।

११. "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै गाउँपालिका स्तरीय अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी खेल संस्कृतिको विकास र प्रवर्द्धन गरिएको छ।

१२. "एक गाउँपालिका, एक खेल मैदान" अभियान अन्तर्गत रिखेबगर खेल मैदानको स्तरोन्नति गरी खेल पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ।

१३. नेपाल सरकारद्वारा सञ्चालित अभियानहरूलाई आफ्नै अभियानका रूपमा आत्मसात गर्दै पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाइ तथा पोषणमैत्री वडा घोषणा जस्ता कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ।

१४. गाउँपालिकाको ऐतिहासिक, पौराणिक, सांस्कृतिक, साहित्यिक तथा सामाजिक सम्पदा, स्थानीय सीप र ज्ञानलाई भावी पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले "हाम्रो त्रिवेणी पाठ्यक्रम" निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

१५. नागरिकको सूचनाको हक सुनिश्चित गर्दै पारदर्शिता, जवाफदेहिता र सुशासनलाई संस्थागत गर्न सार्वजनिक सुनुवाइ, नागरिक सन्तुष्टि सर्वेक्षण, सार्वजनिक परीक्षण तथा भुक्तानी दाबी विरोधसम्बन्धी सूचना प्रकाशन लगायतका कार्यहरू सञ्चालन गरिएको छ।

१६. करका दर तथा दायरालाई व्यवस्थित र वैज्ञानिक बनाउँदै नयाँ सम्भावनायुक्त क्षेत्रहरूको पहिचान तथा विकासमार्फत् आन्तरिक राजस्व वृद्धिमा उल्लेखनीय प्रयास गरिएको छ।

१७. योजनाबद्ध र दिगो विकासको आधार निर्माण गर्न गाउँपालिकाको प्रोफाइल, आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा विस्तृत आयोजना प्रतिवेदनका आधारमा वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने अभ्यासलाई संस्थागत गरिएको छ।

१८. "कृषकको उत्पादन, गाउँपालिकाको अनुदान" कार्यक्रममार्फत् कृषि तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्दै किसानहरूको आयआर्जन अभिवृद्धि र व्यवसायीकरणमा सहयोग पुऱ्याइएको छ। साथै पशुहरूमा फैलिन सक्ने महामारीजन्य रोगहरूको नियन्त्रण तथा न्यूनीकरणका लागि घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

१९. स्थानीय श्रम, सीप, पुँजी र प्रविधिको उपयोगमार्फत् उद्यमशील संस्कृतिको विकास तथा गरिबी न्यूनीकरण गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिएको छ।

२०. मातृ तथा शिशु स्वास्थ्यलाई थप सुदृढ बनाउन PNC Visit तथा सुत्केरी घरभेट कार्यक्रम सञ्चालन गरिएको छ। साथै ज्येष्ठ नागरिकप्रति सम्मान र स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले "ज्येष्ठ नागरिकसँग स्वास्थ्यकर्मी भेटघाट" कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

२१. समतामूलक, सभ्य र सुरक्षित समाज निर्माण गर्ने उद्देश्यका साथ लैङ्गिक, वर्गीय तथा जातीय आधारमा हुने सबै प्रकारका हिंसा, विभेद र सामाजिक दुर्व्यवहार नियन्त्रणका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। साथै लागू पदार्थ दुर्व्यसनी न्यूनीकरण तथा बालविवाह अन्त्यका लागि बाल क्लब, आमा समूह, सञ्जाल तथा समुदायको सहभागितामा जनचेतनामूलक तालिम, अभियान र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याइएको छ।

२२. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम तथा पालिकाका विभिन्न आयोजना तथा कार्यक्रममा श्रमिकलाई जोडेर रोजगारी प्रदान गर्ने कार्यका साथै उद्यम विकास सम्बन्धी विभिन्न सिपमुलक तालिम कार्यक्रमबाट स्वरोजगार वन्ने आधार तयार भएको छ ।

**सभा सदस्यज्यूहरु,**

**अब, म आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**आर्थिक विकास :**

**कृषि तथा पशुपन्छी**

१. उत्पादन र उत्पादकत्व वृद्धि गरी वास्तविक कृषकसम्म अनुदानको पहुँच सुनिश्चित गर्न सञ्चालनमा रहेको "कृषकको उत्पादन गाउँपालिकाको अनुदान "कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. "पशुपन्छीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार" भन्ने मूल नारालाई आत्मसात् गर्दै गाई, भैंसी तथा बाख्रामा प्राकृतिक तथा कृत्रिम गर्भाधान मिशन कार्यक्रम र हरियो घाँस विस्तार कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ। साथै, व्यावसायिक पशुपालक कृषकहरूको सम्मान तथा प्रोत्साहनका लागि पालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. कृषकको घरदैलोमै पशुपन्छी उपचार सेवा उपलब्ध गराउन मोबाइल भेटेरिनरी सेवा सञ्चालन गरिनेछ। साथै, पशुपन्छीको स्वास्थ्य संरक्षण तथा प्रजनन व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले प्रत्येक वडामा घुम्ती पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन गरिनेछ।

४. पशुपन्छीमा हुने महामारीजन्य रोगहरूको प्रभावकारी नियन्त्रणका लागि सम्पूर्ण पशुपन्छीमा आवश्यक खोप सेवा उपलब्ध गराई गाउँपालिकालाई पूर्ण खोपयुक्त पालिकाका रूपमा घोषणा गरिनेछ।

५. पशुपालन व्यवसायलाई सुरक्षित, व्यवस्थित तथा दिगो बनाउन पशु बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सहजीकरण गरिनेछ।

६. गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूमा महिला, दलित, जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिइनेछ। साथै, उनीहरूको आर्थिक सशक्तीकरण र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले आयआर्जन वृद्धि सम्वन्धी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

७. भौगोलिक विशेषता तथा उत्पादनको सम्भावनाका आधारमा पकेट क्षेत्र निर्धारण गरी "एक वडा, एक विशेष उत्पादन" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसायिक, प्रतिस्पर्धी तथा मर्यादित पेशाका रूपमा विकास गर्न गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम मार्फत् उत्कृष्ट कृषकलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

९. कृषि तथा पशुजन्य उत्पादनको बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन समूह तथा सहकारीहरूलाई संगठित गरी पालिकास्तरीय कृषि उपज बजार समिति गठन तथा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. "त्रिवेणीको अठोट, पकेट क्षेत्रमा जोड" भन्ने नारा अनुरूप गाउँपालिका भित्रका सम्भावित कृषि तथा पशुपन्छी पकेट क्षेत्रहरूको पहिचान, विकास र विस्तारका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

११. आयात प्रतिस्थापन तथा कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले रैथाने बालीहरू (कोदो, फापर) का साथै चैते धान र बसन्ते मकैको उत्पादन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

१२. कृषिलाई व्यवसायिक तथा विविधिकृत बनाउने नीति अवलम्बन गरिनेछ। यसअघि प्रदान गर्दै आएको टुक्रे अनुदान वितरण प्रणालीलाई परिमार्जन गरी व्यावसायिक कृषकहरूको व्यवसायिक योजनाका आधारमा आवश्यक परिमाणमा फलफूलका बिरुवा वितरण गर्ने नीति लिइनेछ।

१३. "स्थानीय उत्पादनको उपभोग, बजारीकरणमा सहयोग" भन्ने नाराअनुरूप स्थानीय उत्पादनको बिक्री वितरणलाई सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन स्थानीय कृषि हाटबजार केन्द्रको विस्तार तथा संकलन केन्द्रलाई व्यवस्थित गरिनेछ। साथै, कृषि सहकारीहरूमार्फत् उत्पादनको बजारीकरणलाई सहजीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४. गाउँपालिका भित्रको कृषि क्षेत्र सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित, अद्यावधिक तथा विश्वसनीय बनाउन विभिन्न कृषि सहकारी, कृषक समूह तथा सम्बन्धित संघ संस्थाहरूसँग समन्वय गरी कृषि तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।

१५. कृषकको उत्पादन, बजारीकरण तथा आधुनिक कृषि प्रविधिसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न विषयगत तालिम, सेमिनार, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१६. "सिँचाइ सुविधाको विस्तार, कृषि उत्पादन वृद्धिको आधार" भन्ने मूल नारालाई आत्मसात् गर्दै घट्दो जलस्रोतको अवस्थालाई दृष्टिगत गरी जलस्रोत पुनर्भरण (वाटर रिचार्ज) गर्ने उद्देश्यले रिचार्ज पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. "कृषि क्षेत्रमा पर्याप्त पानी, उत्पादन वृद्धिमा हाम्रो लगानी" भन्ने सोचलाई आत्मसात् गर्दै सिँचाइको सम्भाव्यता तथा दिगोपनाको अध्ययन गरी सिँचाइ सुविधा उपलब्ध नभएका क्षेत्रमा नयाँ सिँचाई आयोजना निर्माण गरिनेछ। साथै, विद्यमान सिँचाइ संरचनाहरूको संरक्षण, मर्मत तथा दिगो सञ्चालनका लागि मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

<u>उद्योग व्यवसाय, श्रम रोजगारी, गरिबी निवारण, सहकारी</u>

१८. उद्यमशीलता मार्फत् रोजगारी सिर्जना तथा उत्पादन वृद्धि गर्ने नीतिलाई आत्मसात् गर्दै उद्यमशीलता प्रवर्द्धन, क्षमता विकास तथा स्वरोजगार अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१९. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन तथा स्थापना हुने उद्योग र व्यवसायलाई दर्ता प्रक्रियामार्फत् करको दायरामा ल्याई पालिकाको आन्तरिक राजस्व वृद्धि गर्ने कार्यमा जोड दिइनेछ।

२०. त्रिवेणी गाउँपालिकाका सम्पूर्ण समूह तथा सहकारीको नियमन तथा अनुगमन गरिनेछ जसका लागि सहकारीको संस्थागत सक्षमता, अभिलेख व्यवस्थापन, ऋण व्यवस्थापन लगायतका कार्य चुस्त दुरुस्त बनाइ लगानी तथा खराब ऋण व्यवस्थापन गरिनेछ । सहकारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।



CamScanner

२१. श्रम बजारमा प्रवेश गर्ने तथा रोजगार गुमाएका महिला, दलित, जनजाति, विपन्न तथा सीमान्तकृत श्रमिकहरूलाई काम र रोजगारीको सुनिश्चितता प्रदान गर्न प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत गरी प्राथमिकताका आधारमा रोजगार उपलब्ध गराइनेछ।

२२. सङ्घ, प्रदेश तथा यस गाउँपालिकाको बजेट विनियोजनबाट पालिकाको क्षेत्रमा विभिन्न निकायहरुमार्फत सञ्चालित आयोजनाहरूमा काम गर्ने श्रमिकलाई रोजगारदाताबाट समयमा नै पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक समन्वय गरिनेछ ।साथै श्रमिकको सुरक्षाका लागि अनिवार्य दुर्घटना बीमा गरिनेछ ।

२३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि गाउँपालिकाबाट पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२४. उपभोक्ताको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताका लागि सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, खाद्य वस्तुहरूको गुणस्तर सुनिश्चित गर्न बजार अनुगमन कार्य प्रत्येक तीन महिनामा नियमित रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२५. साना, लघु तथा घरेलु उद्योगहरूलाई दर्ता प्रक्रियामा ल्याई उद्योगको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। व्यवसाय करको दायरा विस्तार गरी आन्तरिक राजस्व वृद्धि गरिनेछ। साथै, व्यवसाय दर्ता, नवीकरण तथा कर संकलनलाई प्रभावकारी बनाउन घुम्ती टोलीको व्यवस्था गरिनेछ।

२६. स्थानीय कच्चा पदार्थको सदुपयोग गर्दै उद्योग सञ्चालन गर्ने उद्योगीहरूलाई प्रोत्साहन तथा अनुदान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२७. "सुदृढ स्थानीय अर्थतन्त्र, समृद्धिको मूलमन्त्र"लाई आत्मसात् गर्दै त्रिवेणी गाउँपालिकाभित्र रहेका सरकारी तथा निजी बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कृषि, पर्यटन, उद्योग तथा व्यवसाय क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

२८. "सक्षम सहकारी, बढाउने छ रोजगारी" अभियानसँग आबद्ध गर्दै सहकारी संघसंस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ तथा बजारीकरणका लागि प्रोत्साहित गरिनेछ।

२९. सहकारी संस्थाहरूलाई क्रियाशील र सक्षम बनाउन उपयुक्त तालिम तथा सहकारी मर्जरको नीति अवलम्बन गरिनेछ। साथै, लामो समयदेखि कारोबार बन्द गरी निष्क्रिय रहेका तथा कमजोर अवस्थाका सहकारी संस्थाहरूको सुदृढीकरणका लागि आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।



CS CamScanner

पर्यटन प्रवर्द्धन

३०. "घुम्न जाऔं त्रिवेणी "अभियानलाई निरन्तरता दिइनेछ। यसका लागि पर्यटन गुरुयोजना निर्माण गरी आवश्यक पूर्वाधार विकास गरिनेछ। पर्यटकको आवागमन वृद्धि, रोजगारी सिर्जना तथा समृद्धिका लागि पर्यटकीय स्थलहरूमा पुग्ने सडकहरूको स्तरोन्नति तथा पदमार्ग निर्माण गरिनेछ। साथै, त्रिवेणी गाउँपालिकाको सदरमुकाममा रहेको त्रिवेणी तीर्थशालाधामको स्तरोन्नति गर्दै लगिनेछ। गैरासल्ले, फलाबाङ, थर्कोट, सापमारा, सिद्धगुफा तथा गैरिकटेरीमा पर्यटकीय पूर्वाधार विकास गरिनेछ।

३१. ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले प्रसिद्ध फलाबाङ दरबार निर्माणका लागि सम्वन्धित पक्षसँग समन्वय गरी जग्गा प्राप्तिको पहल गरिनेछ। साथै, उक्त दरबार निर्माणसम्वन्धी विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिनेछ।

सामाजिक विकास

**शिक्षा, यूवा तथा खेलकुद**

३२. "उत्कृष्ट र सुरक्षित शिक्षालय, मेरो विद्यालय "निर्माण अभियान अन्तर्गत विद्यालयहरूमा भौतिक पूर्वाधारमैत्री तथा सूचना प्रविधिमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३३. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई उत्प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ।

३४. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने, सिकाउने तथा टिकाउने कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रूपमा सञ्चालन गरिनेछ।

३५. त्रिवेणी गाउँपालिकाको स्थानीय पाठ्यपुस्तकलाई प्रभावकारी बनाउन समयानुकूल संशोधन गर्दै पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।

३६. सामुदायिक विद्यालयहरूको शिक्षण सिकाइमा प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न वर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा अभिभावक घोषणा गरी प्रोत्साहन गरिनेछ।

३७. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।



CamScanner

३८. सामुदायिक विद्यालयबाट एसईई परीक्षामा उत्कृष्ट नजिता प्राप्त गर्ने विद्यार्थी तथा विद्यालयलाई पुरस्कृत गरिनेछ ।

३९. विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागिता अभिवृद्धि गर्दै व्यावहारिक शिक्षालाई प्रवर्द्धन गर्न प्रत्येक सामुदायिक विद्यालयमा एक पोषण बगैंचा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

४०. सामुदायिक सिकाइ केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा, आजीवन सिकाइ तथा सीप विकास प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

४१. शैक्षिक गुणस्तर अभिवृद्धि तथा सिकाइ उपलब्धिमा सुधार ल्याउन एसईई तयारी लक्षित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। अभिभावक विहिन वालवालिकाहरुलाई अभिभावकत्व प्रदान गर्दै शैक्षिक प्याकेजका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. विद्यार्थीहरुको नतिजा मापनलाई स्तरीय तथा वैध बनाउन हाल सञ्चालनमा रहेको परीक्षा प्रणालीलाई परिमार्जन गरिनेछ । यसका लागि वार्षिक परीक्षा सञ्चालन गर्दा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरु तोकी परीक्षा सञ्चालन गर्ने नीति लिइनेछ ।

४३. सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ। उक्त कार्यसम्पादन सम्झौतालाई कार्यसम्पादन मूल्याङ्कन प्रणालीसँग आबद्ध गरिनेछ।

४४. सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण, पोषण अवस्थाको लेखाजोखा, प्राथमिक उपचार तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४५. सामुदायिक विद्यालयहरूमा हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न अग्नि नियन्त्रण उपकरण जडान तथा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४६. सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुको सम्भावित जोखिम बहन गर्नको लागि विमा कार्यक्रमको व्यवस्थापन गरिनेछ ।

४७. " स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै गाउँपालिका स्तरीय अध्यक्ष कप तथा राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

४८. त्रिवेणी गाउँपालिकाका युवाहरूलाई लागूपदार्थ दुर्व्यसनबाट जोगाउन सचेतनामूलक अभियान सञ्चालन गरिनेछ। यस अन्तर्गत विद्यालय, टोल विकास संस्था तथा लक्षित वर्गका सञ्जालहरूमार्फत् जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।



CamScanner

४९. बालबालिकाको शिक्षामा पहुँच तथा सक्षमता अभिवृद्धि गरिनेछ । बालिका तथा समावेशी शिक्षा सञ्चाललाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५०. विद्यालय शिक्षा क्षेत्र योजना (SESP) मार्फत सञ्चालनमा ल्याइएका विभिन्न कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था सुनिश्चत गर्न निरन्तर अनुगमन गर्ने नीति लिइनेछ ।

__स्वास्थ्य, पोषण__

५१. त्रिवेणी गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेको त्रिवेणी स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालका रूपमा स्तरोन्नति गर्दै गुणस्तरीय, सर्वसुलभ तथा प्रभावकारी उपचारात्मक र निदानात्मक सेवाका साथै विशेषज्ञ स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ। उक्त संस्थालाई प्रेषण केन्द्र (Referral Center) का रूपमा विकास गरी २४ सै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५२. सुनौला हजार दिनका आमा बालबालिका तथा किशोरीहरूको पोषण अवस्था सुधार गर्न पोषणमैत्री स्थानीय शासनसम्बन्धी नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। पोषणमैत्री स्थानीय शासनका विभिन्न सूचकहरु पूरा गरी पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।

५३. त्रिवेणी गाउँपालिकाभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति तथा मर्मत सम्भार गर्दै नागरिकलाई सहज, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न ३६५ दिन स्वास्थ्य संस्था खुला राख्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै, सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालनमा रहेका प्रसूति सेवा (Birthing Center) लाई क्रमशः स्तरीकरण गर्दै गुणस्तरीय बनाइनेछ।

५४. "सुरक्षित आमा, सुपोषित सन्तान" अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै प्रोटोकल अनुसार गर्भवती जाँच तथा संस्थागत सुत्केरी हुने दर वृद्धि गर्न आमा सुरक्षा कार्यक्रमलाई सुदृढ बनाइनेछ। सुनौला हजार दिनभित्रका आमा तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न लक्षित पोषण कार्यक्रमहरू सञ्चालन गरी कुपोषण दर न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ। साथै, मातृ तथा नवजात शिशु मृत्युदर घटाउन सुत्केरी पश्चात् घरभेट तथा स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५. ज्येष्ठ नागरिकहरूप्रति सम्मान व्यक्त गर्दै नसर्ने रोगहरूको जोखिम तथा प्रकोप न्यूनीकरण गर्न जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरूद्वारा घरदैलोमै पुगेर स्वास्थ्य परीक्षण गर्ने ज्येष्ठ नागरिक घरभेट स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५६. शारीरिक तथा मानसिक रूपमा अशक्त, असहाय तथा संरक्षणविहीन ज्येष्ठ नागरिकहरूको निःशुल्क उपचारको व्यवस्था गरिनेछ। साथै, सडक आश्रित नागरिकहरूको उद्धार, संरक्षण तथा पारिवारिक पुनर्मिलनका लागि मानव

सेवा आश्रम लगायत सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

५७. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ । रेविज रोगको नियन्त्रण तथा यसबाट हुन सक्ने मानवीय क्षति न्यूनीकरण गर्न रेविजविरुद्धको खोप ५० प्रतिशत मात्र शुल्कमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

५८. विद्यालयमा अध्ययनरत तथा विद्यालय बाहिर रहेका किशोरीहरूको पोषण अवस्था पहिचान गरी आवश्यक रोकथाम तथा सुधारात्मक उपाय अवलम्बन गर्न हेमोग्लोबिन तथा रक्त समूह परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, विद्यार्थीहरूको आँखा, कान, नाक, घाँटी तथा छालासम्वन्धी स्वास्थ्य परीक्षण र स्वास्थ्य तथा पोषण अवस्थाको लेखाजोखा गर्न घुम्ती नर्स कार्यक्रम सञ्चालन गरिनेछ।

५९. सडक दुर्घटना न्यूनीकरण तथा प्रभावकारी उद्धार व्यवस्थापनका लागि रासी राजमार्ग तथा गाउँपालिका भित्रका सडकखण्ड अन्तर्गत दुर्घटनाका बेला शीघ्र उद्धार, प्राथमिक उपचार तथा पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था मिलाउने नीति अवलम्वन गरिनेछ।

६०. पछिल्लो समयमा बढ्दै गइरहेको मानसिक स्वास्थ्य समस्या तथा आत्महत्याको जोखिम न्यूनीकरण गर्न विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरी मनोसामाजिक परामर्शसम्वन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।

६१. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन बीमा सहजकर्ताहरूलाई प्रोत्साहन गर्ने, जनचेतनामूलक अभियान सञ्चालन गर्ने तथा महिला स्वास्थ्य स्वयंसेविका र (ख) वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि ५० प्रतिशत बीमा प्रिमियम सहुलियतको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ।

६२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन गर्दै प्रभावकारी रूपमा परिचालन गरिनेछ।

६३. जलवायु परिवर्तन तथा प्राकृतिक विपद्बाट उत्पन्न हुने मानवीय स्वास्थ्य समस्याहरू न्यूनीकरण गर्न विपद् पूर्वतयारी तथा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

**खानेपानी तथा सरसफाई**

६४. त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका खानेपानी मुहानहरूको पहिचान, अभिलेखीकरण, दर्ता, संरक्षण तथा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।